सम्वत् २०७५ सालको ऐन नं.....दो.अ. १०

## प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५ प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, प्रारम्भ र विस्तार : (१) यस ऐनको नाम "प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रदेश नं. ५ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं. ५ प्रदेश भरका स्थानीय तहको लागि लागू हुनेछ ।

२. प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ मा संशोधन : प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा

सभामुख

सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "मासिक सुविधा पाउने पदाधिकारी बाहेकका" भन्ने शब्दहरुको सट्टा "पदाधिकारी, सदस्य तथा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) झिकिएको छ ।

३. <u>मूल ऐनको दफा ६ मा संशोधन</u> : मूल ऐनको दफा ६ को उपदफा (२) झिकिएको छ ।

प्रदेश सभाको सम्वत् २०७५ साल श्रावण २० गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम पारित गरेको यो विधेयक अर्थ विधेयक हो भनी संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

.........
पूर्ण बहादुर घर्ति
सभामुख
प्रदेश सभा
प्रदेश नं. ५

सभामुख

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

(उमाकान्त झा)
प्रदेश प्रमुख

मितिः-२०७५/४/२१